आज मिति २०७७ साल चैत्र १० गते मंगलबार अपराह्न १:०० बजे गाउँपालिकाको सभाहलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

## –उपस्थिति–

| सि.नं. | पदाधिकारीका नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री पदम माया तामाङ | उपाध्यक्ष | |
| ३. | श्री विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ५. | श्री हेम बहादुर श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ६. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | |
| ७. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ८. | श्री दिनेश कुमार रमौली | कार्यपालिका सदस्य | |
| ९. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | |
| १०. | श्री कोमल बहादुर खपाङ्गी | कार्यपालिका सदस्य | |
| ११. | श्री रेखराज अधिकारी | कार्यपालिका सदस्य | |
| १२. | श्री शेर बहादुर मगर | कार्यपालिका सदस्य | शेर |
| १३. | श्री पुण्यहरि भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री हितलाल श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री जगदिश्वर तोलाङ्गी | कार्यपालिका सदस्य | |
| १६. | श्री दुधकुमारी ठकुरी | कार्यपालिका सदस्य | दुधा |
| १७. | श्री देवमाया श्रेष्ठ | कार्यपालिका सदस्य | देवमाया |
| १८. | श्री भगवति कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १९. | श्री गीतामाया थापा | कार्यपालिका सदस्य | गीता |
| २०. | श्री टेक बहादुर परियार | कार्यपालिका सदस्य | |

सहजकर्ता : श्री जीतेन्द्र गिरी अधिकृत छैठौं

श्री प्रेम बहादुर बुगेनी इ. अ.

श्री पदम बहादुर तामाङ कं.प्र.

## मिति २०७७ चैत्र १० गते मंगलबार बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| क्र.सं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | भूमि सम्बन्धी समस्या समाधान आयोग सम्बन्धमा । | भूमि सम्बन्धी समस्या समाधान आयोगको कामलाई प्रभावकारी रुपमा अघि बढाउन यस गाउँपालिकास्तरिय सहजीकरण समितिको मिति २०७७/१२/१० मा बसेको बैठकको निर्णय अनुमोदन गर्ने । |
| २. | राष्ट्रिय परिचयपत्र सम्बन्धी तथ्याङ्क संकलन कार्यक्रममा सहयोग गर्ने सम्बन्धमा । | राष्ट्रिय परिचयपत्र सम्बन्धी तथ्याङ्क संकलन कार्यक्रमलाई प्रभावकारी बनाउन गृह मन्त्रालय अन्तर्गत खटिई आएका जनशक्तिलाई आवश्यक सहयोग समन्वय र सहजीकरण गर्ने । |
| ३. | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग श्रोत साझेदारीको प्रतिवद्धता सम्बन्धमा । | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग आगामी आ.व.०७८/७९ को लागि सेवा इकाईमा कार्यरत जनशक्तिको एक चौमासिकको तलब बापत हुन आउने बजेट साझेदारी सम्बन्धी प्रतिवद्धता गर्ने । साथै विभागबाट चालु आ.व.मा सञ्चालन भइरहेको दर्ता शिविर तथा डिजिटाइजेशन कार्य लागि आगामी आ.व.मा समेत सञ्चालन गर्न बजेट उपलब्ध हुन्छ भनि प्रतिवद्धता गर्ने । |
| ४. | जेष्ठ नागरिक सम्मान कार्यक्रम सम्बन्धमा । | जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत गाउँपालिकाभरका ८५ वर्ष माथिका जेष्ठ नागरिकहरुलाई समावेश गर्ने । |
| ५. | गिट्टी, बालुवा, ढुङ्गाको बिक्री वितरण गरी राजश्व सङ्कलन गर्ने सम्बन्धमा । | ढुङ्गा, गिट्टि र बालुवाको बिक्री वितरण गरी राजश्व सङ्कलन गर्न देहायबमोजिम अमानत प्रक्रिया अवलम्बन गर्ने-<br>क) ढुङ्गा, गिट्टि र बालुवाको ढुवानी गर्ने सवारी साधनलाई गाउँपालिकामा अनिवार्य सूचीकृत गराई आगामी ज्येष्ठ मसान्त सम्म एकमुष्ट रुपमा प्रति ट्रक/ट्रिपर रु.१२,०००/- (बाह्र हजार) र प्रति ट्रयाक्टर रु.१०,०००/- (दश हजार) राजश्व संकलन गर्ने ।<br>ख) कार्यालयले जनशक्ति खटाई राजश्व रसिद काटी राजश्व सङ्कलन गर्ने, गराउने । राजश्व संकलनमा खटिने जनशक्तिलाई सङ्कलन अवधिभर प्रति महिना रु. २,०००/- (दुई हजार) नियमानुसार कर कट्टी गरी प्रोत्साहन प्रदान गर्ने ।<br>ग) चोरी निकासी निरुत्साहित गर्न सुरक्षा कर्मी परिचालन गर्ने ।<br>घ) गाउँपालिकास्तरीय अनुगमन समितिद्वारा आ.ई.ई. बमोजिम नियमित र प्रभावकारी अनुगमन गर्ने । |

मिति २०७७ चैत्र १० गते मंगलबार बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| | | |
|---|---|---|
| ६. | वडा नं. ७ को वडा केन्द्रमा ईन्टरनेटको लागि वजेट व्यवस्था गर्ने सम्बन्धमा । | वडा नं. ७ को वडा केन्द्रमा ईन्टरनेट जडान गर्न वडास्तरिय योजनाको "यकनी खोला आरुबोट पुछारटोल कुलो मर्मत" शिर्षकमा विनियोजन भएको बजेट रु.३,००,०००/- (तीन लाख) मध्ये रु.५०,०००/- (पचास हजार), गाउँपालिकाबाट रु.२५,००० (पच्चिस हजार) र बाँकी सेवा प्रदायक संस्थाबाट व्यहोर्ने साथै वडाको योजना संशोधन सम्बन्धमा आगामी गाउँसभाबाट अनुमोदन गर्ने ।<br>साथै वडा नं. ६ को वडा केन्द्रमा इन्टरनेट जडान गर्नका लागि गाउँपालिकाबाट रु.२५,००० (पच्चिस हजार) व्यहोर्ने । |
| ७. | वडा नं. ९ को स्वास्थ्य चौकी व्यवस्थापनको बजेट सम्बन्धमा । | वडा नं. ९ को स्वास्थ्य चौकीको व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा वडाबाट प्राप्त बजेट बाँडफाड स्वीकृत गर्ने । |
| ८. | सिन्धुली बहुमुखी क्याम्पसलाई बजेट उपलब्ध गराउने सम्बन्धमा । | सिन्धुली बहुमुखी क्याम्पसलाई बि.बि.ए. सञ्चालन गर्न समपूरक कोषबाट रु.५,००,०००/- (पाँच लाख) बजेट उपलब्ध गराउने । |